# पूर्वाञ्चल विश्वविद्यालय
# परीक्षा व्यवस्थापन कार्यालय
# बिराटनगर, नेपाल ।

मिति : २०८२।०२।२७

श्री क्याम्पस प्रमुखज्यू / स्कूल-डाइरेक्टरज्यू,

**MCA/ MIT/ M.Sc. in Nutrition & Dietetics /M. Sc. in Meat Technology/ M.Sc. in Ag.(Agri-Business Management** अध्यापनहुने सम्पूर्ण क्याम्पस/कलेजहरू ।

**विषयः परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

उपरोक्त सम्बन्धमा, पूर्वाञ्चल विश्वविद्यालयद्वारा **विज्ञान तथा प्रविधि** संकाय अन्तर्गत सेमेष्टर परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातकोत्तरतह २ वर्षे **MCA, MIT, M.Sc. in Nutrition & Dietetics, M.Sc. in Meat Technology र M.Sc. in Ag. (Agri-Business Management)** शैक्षिक कार्यक्रमहरूको **दोश्रो** सेमेष्टरको (सन् 2025 मा सञ्चालन गरिने परीक्षाका लागि) **नियमित तथा आंशिक** रूपमा त्यस क्याम्पस/कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई **मिति २०८२।०३।१६ गते**सम्म परीक्षा आवेदन फाराम भराई नियमानुसारको परीक्षा शुल्क वापतको रकम **नबिल बैंक** स्थित यस कार्यालयको **A/C 00710017518402** मा **मिति २०८२।०३।१८ गते**भित्र जम्मा गरी सो को सक्कल बैंक भौचर (Customer Copy) तथा परीक्षा आवेदन फाराम क्याम्पस/कलेजको प्रतिनिधि मार्फत यस कार्यालयमा **मिति २०८२।०३।२० गते**भित्र उपलब्ध गराई दिनु हुन जानकारी गराइएको छ । उक्त मितिसम्म परीक्षा फाराम भर्न छुट भएका विद्यार्थीहरूको लागि तपशिल बमोजिमको विलम्ब शुल्क लिई तोकिए बमोजिमका मितिसम्म फाराम भराई नियमानुसारको परीक्षा शुल्क र विलम्ब शुल्क सहित परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई सक्नु पर्नेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउँदै सम्बन्धित परीक्षार्थीहरूलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान ......यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । साथै, परीक्षा फाराम भराउँदा तपशिल बमोजिमको निर्देशनहरू अनिवार्य रूपमा पालन गर्न/गराउन अनुरोध छ ।

**तपसिलः**

१) परीक्षा आवेदन फाराम पठाउँदा शैक्षिक सत्र समूह अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई विषयगत विवरण फाराम तयार गरी फाइलिङ्ग गरी पठाउनु पर्नेछ ।

२) परीक्षा आवेदन फाराममा विद्यार्थीले रजिष्ट्रेशन नं. अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ । तोकिएको कागजातहरू पूरा नभई दर्ता (Registration) हुन नसकेका विद्यार्थीहरूको फाराम स्वीकृत हुने छैन ।

३) परीक्षा आवेदन फाराममा रहेको तीनवटा फोटो मध्ये पहिलो फाटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ । अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।

४) परीक्षा आवेदन फारामको पछाडि सम्बन्धित विद्यार्थीको हाजिरी अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।

५) परीक्षा आवेदन फाराममा लिखित तथा प्रयोगात्मक दुबै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । प्रयोगात्मक विषयमा मात्र अनुत्तिर्ण विद्यार्थीले समेत अनिवार्य रूपमा परीक्षा आवेदन फाराम भर्नुपर्नेछ ।

६) कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फाराममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रति विषय रू. ५००।- लाग्नेछ ।

७) कलेजले सञ्चालन गरिने आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।

८) **परीक्षा शुल्क** देहाय बमोजिम हुनेछः

| क्र.सं. | विवरण | परीक्षा शुल्क |
|---|---|---|
| १. | नियमित/आंशिक (२०२० समूहदेखि भर्ना भएका परीक्षार्थीहरूका लागि मात्र) | रू.२,१००।- प्रति विद्यार्थी |
| २. | नियमित (२०१६ समूहसम्म भर्ना भएका परीक्षार्थीहरूका लागि मात्र) | रू.१,६००।- प्रति विद्यार्थी |
| ३. | आंशिक १ विषय | रू.६००।- प्रति विद्यार्थी |
| ४. | आंशिक २ विषय | रू.१,१००।- प्रति विद्यार्थी |
| ५. | आंशिक २ भन्दा बढी विषय | रू.१,६००।- प्रति विद्यार्थी |
| ६. | विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिनभित्र) | रू.१,०००।- प्रति विद्यार्थी |
| ७. | विलम्ब शुल्क (परीक्षा शुरू हुनुभन्दा १० दिन अगाडिसम्म) | रू.२,०००।- प्रति विद्यार्थी |
| ८. | विलम्ब शुल्क (परीक्षा शुरू हुनुभन्दा ५ दिन अगाडिसम्म) | रू.३,०००।- प्रति विद्यार्थी |

नोट : **क्र.सं. ७ र ८ बमोजिमको शैक्षिक कार्यक्रम अनुसार पहिलो दिन शुरुहुने परीक्षालाई शुरु भएको दिन मानिने छ ।**

**सह-परीक्षा नियन्त्रक**